# स्थानीय राजपत्र

स्थानीय सरकार तादी गाउँपालिका, खरानीटार, नुवाकोट, ३ नं प्रदेश, नेपाल द्धारा प्रकाशित सुचना
संख्या १, चैत्र १६, २०७४

**भाग ३**

**स्थानीय सरकार**
**तादी गाउँपालिका**
**खरानीटार, नुवाकोट, ३ नं प्रदेश, नेपाल ।**

## "साधारण निर्माणजन्य सामाग्री (ढुङ्गा, गिट्टी, बालुवा) प्रशोधन, बिक्री वितरण तथा ओसार पसार सम्वन्धी मापदण्ड, २०७४"

यस तादी गाउँपालिका क्षेत्रमा साधारण निर्माणजन्य सामग्रीहरु (ढुङ्गा, गिट्टी, बालुवा) को सहज आपुर्ति नहुंदा भुकम्प पछिको निजी आवास पुन निर्माण तथा सार्वजनिक संस्थाहरु पुनर्स्थापन लगायत विकास निर्माणका कार्यहरुमा बाधा उत्पन्न भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोगगरी यो "**साधारण निर्माणजन्य सामाग्री प्रशोधन, बिक्री वितरण तथा ओसार पसार सम्वन्धी मापदण्ड २०७४"** स्वीकृत गरी लागु गरिएको छ ।

१. यस तादी गाउँपालिका क्षेत्र भित्रमा संचालित क्रसर उद्योगले आफ्नो उद्योगमा मौज्दात (स्टक) रहेको निर्माण सामाग्री (ढुङ्गा, गिट्टी, बालुवा) मात्र प्रशोधन, बिक्री वितरण तथा ओसार पसार गर्न पाउने छन् ।

२. मौज्दात (स्टक) निर्माण सामाग्री बिक्री वितरण गर्दा तादी गा.पा. क्षेत्रभित्रका भुकम्प पिडितहरु लाई सहुलियत दरमा निर्माणजन्य सामाग्री उपलब्ध गराउनुपर्ने छ ।

३. क्रसर उद्योगहरुको मौज्दात सामग्रीको अवस्था, प्रशोधन तथा बिक्री वितरणको अवस्था र मौज्दात बाहेक अन्य सामाग्री संकलन गरे नगरेको सम्वन्धमा यस गाउँपालिकाबाट गठित अनुगमन समितिले अनुगमन गर्नेछ ।

४. दफा नं ३ बमोजिम गठित समितिले अनुगमन गर्दा माथि उल्लेखित शर्त पालना नगरेको पाईएमा तथा शर्त विपरित मौज्दात बाहेक अन्य सामाग्री उत्खनन तथा संकलन गरेको पाईएमा अनुगमन समितिले त्यस्तो क्रसर उद्योगलाई कारवाहि गर्न गाउँपालिका लाई सिफारिस गर्नेछ र त्यस्तो कार्य गर्ने क्रसर उद्योगलाई गाउँपालिकाले तत्काल कारवाहि गरी मौज्दात सामाग्री समेत प्रशोधन तथा विक्री वितरणमा रोक लगाउन सक्नेछ ।